# कमलामाई नगरपालिका

## गाई/भैसीलाइ सुत्केरी खाद्यान्न सहयोग कार्यविधि

## २०७७


## कमलामाई नगरपालिका

**सिन्धुलीमाढी**

**बागमती प्रदेश, नेपाल**

<u>**गाईभैंसीलाई सुत्केरी खाद्ध्यान्न सहयोग कार्यक्रम सन्चालन कार्यविधि, २०७७**</u>

**पृष्ठभूमी**

गाई भैसीले बेतभरी दिने दुधको परिमाण ब्याएको दुई महिना भित्र दिएको दुध उत्पादनमा निर्भर रहेको हुन्छ ।सो अबधी भित्र लैनो पशुले बढि दुध दिन सकेमा मात्र सोही अनुपातमा सो बेत भरी नै उत्पादन कायम राख्न सकिन्छ। यसैले सो अबधी पशुको अति महत्वपूर्ण अवस्था रहेको र यस अवस्थामा नै नवजात बाच्छाबाच्छी/पाडापाडीको स्याहार सुसार गर्नु पर्ने भएकोले आबश्यकता अनुसारको सन्तुलित आहारा र अन्य स्याहार सुसारका लागि कृषकहरुमा जागरण ल्याउन आबश्यक ठानी कमलामाई नगरपालिकाको विमित गाई भैंसीलाई सुत्केरी भत्ता अनुदान कार्यक्रमलाई सरल, सहज, व्यवस्थित, प्रभावकारी र पारदर्शी रुपले कार्यान्वयन गर्न कमलामाई नगरपालिका स्थानिय सरकार संचालन एनको दफा १०२(२) बाट यो कार्यविधि जारी गरिएको छ।

**परिच्छेद–१**

**प्रारम्भिकः**

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नाम " **गाईभैंसीलाई सुत्केरी पशु आहारा भत्ता अनुदान कार्यक्रम सन्चालन कार्यविधि, २०७७"** रहेको छ ।

२. यो कार्यविधि कमलामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

**क) "नगरपालिका"** भन्नाले कमलामाई नगरपालिका सम्झनु पर्नेछ ।

**ख) " कृषि समिति भन्नाले कमलामाई नगरपालिका अन्तरगतको कृषि समिति सम्झनुपर्नेछ ।**

**ग) पशु विकास शाखा"** भन्नाले कमलामाई नगरपालिका पशु विकास शाखा सम्झनु पर्नेछ ।

**३ उद्देश्यहरुः**

क) दुधालु पशुको लैनो अवस्थामा थप स्याहार सुसार र उचित पोषणको माध्यमबाट दुध उत्पादन बृद्धि गरी सोही अनुपातमा बेत भरी नै दुध उत्पादन कायम राख्ने

ख) बाच्छा बाच्छी तथा पाडापाडीको मृत्यूदर कम गरी उचित बृद्धिदर, तौल तथा गुणस्तर कायम राख्ने

ग) पशुको दुई बेतको अन्तर कम गरी उत्पादन लागत घटाउने।

**४. कार्यक्रम सञ्चालन हुने स्थानहरु** : कमलामाई नगरपालिकाको १४ वटै वडाहरु ।

**५ कार्यक्रमको अबधीः**

यो कार्यक्रमको अवधि कमलामाई नगरपालिकाको अर्को निर्णय नहुनजेलसम्मको हुनेछ र आवश्यकता अनुसार विस्तार गर्दै लान सकिनेछ ।

**६. कार्यक्रम संचालनका लागि कृषक छनौटका आधारहरुः**

क) कृषक, कृषक समुह, सहकारीमा आवद्ध कृषकको निवेदन, नेपाली नागरीकताको प्रमाण पत्र पेश गरेको हुनुपर्नेछ ।

ख) पशु विमा गरेको हुनुपर्नेछ ।

ग) सम्बन्धित वडा कार्यालयबाट पशु व्याउने वा व्याएको प्रमाण पेश गरेको हुनुपर्ने छ ।

घ) ब्याएको पशु, पशुको बच्चा (बाच्छा/पाडा) र कृषकको प्रष्ट बुझिने फोटो पेश गर्नु पर्दछ

घ) आधिकारिक निकायबाट गरिवी प्रमाणित गरिएका कृषकलाई प्राथमिकता दिइनेछ।

**७. कार्यक्रम संचालनका छनौट प्रकृयाः**

क) ) कृषक, कृषक समुह, सहकारीमा आवद्ध कृषक को निवेदन ।

ख) कृषक,ब्याएको पशु, र पशुको बच्चा(बाच्छा/पाडा) प्रष्ट बुझिने फोटो १ प्रति कमलामाई नगरपालिका पशु विकास शाखामा पेश गर्नु पर्नेछ ।

ग) प्राप्त निवेदनहरु पशु विकास शाखाले कमलामाई नगरपालिका कृषि समितिमा पेश गर्ने छ

घ) कमलामाई नगरपालिका कृषि समितिले पशु विकास शाखाले पेश भएका विवरणहरुका आधारमा कृषकहरु छनौट गर्नेछ । प्रति कृषक नगद रु. २०००।– वा सुत्केरी

पशुलाइ मिनरल मिक्चर/क्याल्सियम वा सन्तुलित दाना अनुदान उपलब्ध हुनेगरी कृषि समितिले प्राथमिकताका आधारमा कृषक छनौट गर्ने छ ।

ङ) विनियोजित बजेटबाट पुग्ने संख्याका कृषक भन्दा बढि आवेदन परेको हकमा गरिवको सुचिमा परेकालाई प्राथामिकता दिई सुचि तयार गरिनेछ। यसो गर्दापनि कृषक संख्या बढि भएमा पहिले व्याउने पशुलाई पहिलो प्राथामिकता दिई कृषक छनौट गरिनेछ। कृषक छनौट गर्ने अन्य आधार कमलामाई नगरपालिका कृषि समितिले तोके बमोजिम हुनेछ।

च) कृषकहरु छनौट भएपछी छनौट भएका कृषकहरुले यो कार्यविधि अनुसारको अनुदान रकम वा खाद्यान्न/भिटामवन/मिनिरल प्राप्त गर्नेछन् ।

**८. सेवा संचालन प्रक्रियाः** यस कार्यक्रम वमोजिमको सेवा सञ्चालन गर्ने प्रकृया देहाय वमोजिम हुनेछः

क) कमलामाई नगरपालीका पशु विकास शाखामा पेश भएको निवेदा तथा दरखास्त अनुसार कृषक समितिले कृषक छनौट गर्नेछ ।

ख) अनुदान प्राप्त गर्न छनौट भएका कृषकलाई कमलामाई नगरपालिका पशु विकास शाखाले वैंक चेक मार्फत वा नगदै रकम भुक्तानी गर्नुपर्ने छ।

ग) पशु व्याइ नसकेका तर व्याउने अवस्थाको प्रमाण सहित निवेदन पेश गरेर अनुदान प्राप्त गर्न छनौट भएका कृषकहरुले पशु व्याएको प्रमाण कमलामाई नगरपालिका पशु विकास शाखामा पेश गरेपछि मात्र अनुदान कमलामाई नगरपालिका कृषि समितिको निर्णय अनुसार रकम प्राप्त गर्नेछन् ।

**९ गाईभैंसीलाई सुत्केरी पशु आहारा भत्ता अनुदान कार्यक्रम कार्यान्वयनको लागि प्रस्तावित आर्थिक नर्मसः**

| क्र.सं. | कार्यक्रमको विवरण | इकाई | रु. हजार प्रति पशु |
|---|---|---|---|
| १ | कृषक, कृषक समुह, पशु पालन फार्म, सहकारीमा आवद्ध कृषकहरुका विमित पशु (गाइ/भैंसी) लाई सुत्केरी भत्ता | प्रति पशु | २०००.०० |

**१०) अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः**

यस कार्यक्रमको अनुगमन कमलामाई नगरपालिका, कमलामाई नगरपालिका कृषि समिति,पशु विकास शाखा तथा वडा कार्यालय र वडाका भेटेरीनरी प्राविधिकहरुले गर्नेछन् र सोको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन  सम्बन्धित पशु विकास शाखाले कमलामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्ने छ ।

**११) थपघट वा हेरफेर गर्न सक्ने**

1. यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कमलामाई नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।
2. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि कमलामाई नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।